नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.:-

मितिः २०८३ भदौ १० गते, बुधवार

आज २०८३ भदौ १० गते, बुधबार बिहान ८:४० बजे भोटेकोशी नदीमा आएको ठूलो बाढीका कारण रसुवा र नुवाकोटका विभिन्न स्थानमा भएको जनधनको क्षतिप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गहिरो दुःख व्यक्त गर्दछ। यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।

हालसम्मको क्षतिको विवरण (साँझ ७:०० बजेसम्मको)

१) बाढी प्रभावित क्षेत्रमा हालसम्म ९५ जनाको शव फेला परेको; सनाखत हुन बाँकी।

२) बाढी प्रभावित क्षेत्रमा कार्यरत ४४ जना नेपाली सेना, विभिन्न प्रहरी चौकीमा कार्यरत २८ प्रहरी र सशस्त्र प्रहरी बल नेपालका १३ जना सुरक्षाकर्मी सम्पर्कविहीन।

३) प्रभावित क्षेत्रमा ३९१ जना विदेशी र ९३ जना स्वदेशी पर्यटकहरू सम्पर्कविहीन।

४) प्रभावित क्षेत्रका विभिन्न विद्युत आयोजनामा कार्यरत ६० जना कर्मचारी सम्पर्कबिहीन।

५) रसुवागढी भन्सार, अध्यागमन कार्यालयलगायतका केही कर्मचारीसम्पर्कबिहीन

६) बाढीका कारण १९ वटा मोटरेवल पुल र ४० किलोमिटर पक्की सडक क्षतिग्रस्त।

७) मानवीय तथा भौतिक क्षतिको विवरण संकलन जारी।

सरकारका कदमहरू (समय-क्रम)

| समय | कार्य |
|---|---|
| ०८:४० | भोटेकोशीमा बाढी; स्थानीय प्रशासनबाट सूचना प्राप्त |
| ०८:४५ | प्रधानमन्त्रीबाट बाढी प्रभावित क्षेत्रमा उद्धार खोज तथा राहत कार्यका लागि सुरक्षा निकायसहित सरोकारवाला निकाय/संघसंस्थालाई निर्देशन। |
| ०९:०० | तटीय क्षेत्रलाई उच्च सतर्कतामा राख्दै सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहहरूले स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा रहन तथा नदी किनारमा नजान अनुरोध गरेको। |

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

| | |
|---|---|
| ०९:१५ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आकस्मिक बैठक बसेको। |
| ०९:३५ | प्रदेश, जिल्ला र स्थानीय तहका रेस्पोन्डरलाई प्राधिकरणबाट उच्च सतर्कता सहित विपद् प्रतिकार्यका लागि जुट्न नेपाल टेलिकम तथा एनसेल मार्फत अलर्ट मेसेज पठाउन लगाइएको। |
| ११:०० | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक बसेको र बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले सरोकारवाला सबैलाई खोज, उद्धार तथा राहतका कार्यहरूमा सक्दो सहयोग गर्न अनुरोध गर्नुभएको। |
| १२:३० | मन्त्रिपरिषद्को बैठक बसी उद्धार, खोज र राहत तीव्र बनाउने निर्णय भएको। |
| ०१:०० | सम्माननीय प्रधानमन्त्रीज्यूबाट बाढी प्रभावित क्षेत्रका संघीय सांसदहरूसँग छलफल गरी उहाँहरूलाई बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका कार्यहरूमा सहजीकरण गर्न अनुरोध गरिएको। |

## खोज, उद्धार र स्वास्थ्य व्यवस्था

१) खोज तथा उद्धार तीव्र बनाउन रसुवा र नुवाकोटमा नेपाली सेना र निजी क्षेत्रका हेलिकप्टरहरू परिचालन गरिएको।

२) उद्धार गरिएका घाइतेको उपचारका लागि नुवाकोट जिल्ला अस्पतालमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय ट्रमा सेन्टर, वीर अस्पताल र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबाट आवश्यक चिकित्सकसहितका स्वास्थ्य टोली पठाइएको।

३) बाढीका कारण घाइते भएका २१ जनाको रसुवा अस्पतालमा उपचार भइरहेको।

४) घाइते ३६ जनालाई उद्धार गरी काठमाडौंस्थित राष्ट्रिय ट्रमा सेन्टर, त्रि.वि. शिक्षण अस्पताल, वीरेन्द्र सैनिक अस्पताल लगायतका अस्पतालमा उपचार भइरहेको।

५) वीर अस्पताल र ट्रमा सेन्टरमा घाइतेको निःशुल्क उपचारका लागि डेडिकेटेड शैय्या छुट्याइएको।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.:-

६) नेपाल स्काउट र विश्व स्वास्थ्य संगठनबाट पनि थप चिकित्सक, उद्धारकर्मी र स्वास्थ्य सामग्री प्रभावित क्षेत्रमा पठाइएको।

७) औषधी र रगतको अभाव नहोस् भनी रक्तसञ्चार केन्द्र, बागमती र गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब र नेपाल स्काउटसँग निरन्तर समन्वय गरिएको।

८) प्रभावित क्षेत्रका संघीय सांसदहरूसँग परामर्श गरी स्थानीय तहमा आवश्यक सहयोग सहजीकरण गरिएको।

९) बाढी पीडितहरुलाई तत्कालका लागि नेपाली सेनाका नजिकका ब्यारेकमा अस्थायी बसोबासको व्यवस्था गरिएको। यसका साथै, थप अस्थायी बसोबासको व्यवस्था मिलाउने तयारी भइरहेको। पीडित परिवारसम्म खानेकुरा, सफा खानेपानी, औषधीको व्यवस्था भइरहेको।

**आपत्कालीन सम्पर्क**

प्रभावित क्षेत्रमा जोखिममा परेका, खोज तथा उद्धार आवश्यक भएका वा तत्काल सहायता आवश्यक परेका नागरिकले सम्बन्धित जिल्लाको टोल फ्री नम्बर १२३४/१००/१११११ मा सूचना दिन सक्नुहुनेछ। सूचना प्राप्त हुनासाथ उद्धार गर्ने व्यवस्था मिलाइएको छ।

**बढी प्रभावित क्षेत्र**

रसुवा, नुवाकोट, धादिङ र गोरखाका तटीय क्षेत्रहरु।

**अबका प्राथमिकता**

१. घाइतेहरूको तत्कालै उद्धार र उपचारको प्रबन्ध,
२. सम्पर्कविहीन भएका नागरिकको खोजतलास,
३. प्रभावितहरूको सुरक्षा र राहतको व्यवस्था,
४. थप क्षतिको विस्तृत विवरण संकलन,
५. भत्किएका सडक, पुल, जलविद्युत, सञ्चार र खानेपानी संरचनाको प्राथमिकतामा पुनर्निर्माण,
६. विस्थापित परिवारको सुरक्षित स्थानमा पुनःस्थापना।

हेमराज अर्याल
सहसचिव/प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np